# भक्तपुर नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

ब्यासी, भक्तपुर-२

## वडा समितिको कार्यालय भवन निर्माण कार्य श्रम ठेक्कासम्बन्धी सिलबन्दी बोलपत्र आव्हानको सूचना

**गोरखापत्र दैनिकमा प्रकाशित मिति : २०७४/११/२८ गते**

भक्तपुर नगरपालिका वडा नं १, स्थित दूधपाटीमा वडा समितिको कार्यालय भवन निर्माण कार्य श्रम ठेक्कामा गर्न इच्छुक कम्पनी/फर्महरुले नागरिकता प्रमाणपत्रको फोटोकपी, सम्बन्धित कार्य इजाजत प्राप्त प्रमाणपत्र, आयकर दर्ता प्रमाणपत्र र कर चुक्ता प्रमाणपत्र संलग्न गरी के कति दररेटमा कसरी उपलब्ध गराउन सकिने हो सोको किटानसहित गोरखापत्र दैनिकमा सूचना प्रकाशित भएको मितिले ३० (तीस) दिनभित्र यस कार्यालयको कर उपशाखाबाट रु.३,०००।०० तीन हजार (फिर्ता नहुने) तिरी सिलबन्दी बोलपत्र पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ । साथै उक्त बोलपत्रको सूचना वेभ पोर्टल www.bolpatra.gov.np मा समेत राखिएको छ । यससम्बन्धी विस्तृत जानकारीको लागि भ.न.पा.योजना तथा प्राविधिक शाखामा सम्पर्क गर्नुहुन अनुरोध छ ।